मिति २०७६।१०।१२

# ४८ औं बैठक

आज मिति २०७६।१०।१२ गते आईतबारका दिन बैतेश्वर गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृषबहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | ठुलीकान्छी |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री विक्रम कार्की | ~~सदस्य सचिव~~ अ. सातौं | |

<u>निर्णय :(१)</u>

यस बैतेश्वर गाउँकार्यपालिकाको प्रशासनिक भवन गाउँपालिकाको जग्गामा निर्माण भै सकेकोले, गाउँकार्यपालिकाको कार्यालय मिति २०७६ साल माघ १५ गतेको उद्घाटन समारोह सहित (उद्घाटन गर्ने गरी) अस्थायी सम्पर्क कार्यालय, मेघेचौरबाट आफिसका सबै सामान सार्ने निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.(२) यस गाउँ पालिकाको ६औं गाउँसभा आगामी २०७६ साल फाल्गुण ४ गते आइतवार विहान १०:३० बजे सभा भवन फाँउडाम मा बोलाउने निर्णय गरियो।

निर्णय नं.(३) मिति २०७६ साल माघ १५ गते भवन (कार्यालय) उद्घाटनको लागी भवनको वरिपरि तयारी गर्दा लाग्ने खर्च विविध शिर्षक बाट खर्च ब्यहोर्ने निर्णय गरियो।

निर्णय नं.(४) यस गाउँपालिकाको भौतिक निर्माणको लागी विशेषज्ञ सेवा आवश्यक परेकोले यस कार्यालयमा सेवा करारमा सेवारत ई. युधिष्ठिर के.सी. बाट प्राविधिक विशेषज्ञ सेवा आवश्यक परेकोले निजलाई ६ (छ) महिनाको करार म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.(५) यस गाउँपालिकाको गाउँ कार्यपालिकाको ४३औं बैठकको निर्णय नं. ४ कार्यान्वयन हुन नसकेकोले पुन: लागत स्टीमेट तयार गरि, गिटी, वालुवा ढुंगा निकासी कर संकलनको लागी, ठेक्का आह्वान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.(६) गोपीखोला साना जल विद्युत आयोजनाको सर्भेक्षण अनुमति पाउभनि, बैतेश्वर गाउँ पालिका वडा नं. ८ निवासी देवराज खत्री बनेपा न.पा. वडा नं. ११ निवासी श्री विदुर राज गौतमले पेश गरेको मिति २०७६।०७।०४ को निवेदनमा आजको बैठकमा छलफल हुँदा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा(२) छ को उपक्रम नं. ३ अनुसार १ एक मेगावाट सम्मको जलविद्युत उत्पादन स्वीकृत दिने अधिकार यस गाउँपालिकालाई प्रदान गरिएकोले निवेदकको प्रस्ताव अनुसार ९९८ नौसय अन्ठानब्बे किलोवाट सम्म विद्युत उत्पादन गर्न सकिने गोपीखोला साना जल विद्युत आयोजनाको सर्भेक्षण अनुमति प्रदान गर्ने निर्णय गरियो।